मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

041-590349
590357
590359
pralenika2@gmail.com

प.सं.: २०८२/०८३
च.नं.: ४०6

मिति: २०८३/०३/०३

श्री सबै मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय, कार्यालय तथा केन्द्रहरू,
मधेश प्रदेश ।

**विषय: चालु आर्थिक वर्ष २०८२/०८३ को आर्थिक कारोबारको खाताबन्दी तथा आन्तरिक लेखापरीक्षण सम्बन्धमा।**

उपरोक्त विषयमा नेपाल सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (७) मा प्रदेश तथा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द हुने र सो प्रयोजनका लागि प्रणालीहरू समेत बन्द रहने व्यवस्था छ। सोही व्यहोरा महालेखा नियन्त्रक कार्यालयको (प.सं. ०८२/०८३, च.नं. १३२६, मिति २०८३/०३/०२ को) पत्रबाट लेखिआएको हुँदा, सोहीबमोजिम निकासा भुक्तानीका कार्यहरू समयमा नै सम्पन्न गर्नु/ गराउनुहुन अनुरोध छ। साथै, चालु आर्थिक वर्षको भुक्तानी दिनुपर्ने रकम २०८३ साल असार २५ गतेभित्र भुक्तानी गरी निकासा बन्द गर्न र सो मितिपश्चात् मसान्तसम्म हिसाब मिलान गर्ने प्रयोजनबाहेकका भुक्तानी आदेशहरू प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा एकाइ कार्यालयमा नपठाउनुहुन अनुरोध छ, साथै खाताबन्दी तथा सालतमामी सम्बन्धी विषयहरुमा देहायबमोजिम गर्नु/ गराउनुहुन अनुरोध छः

१. आर्थिक वर्षको अन्त्यमा मात्र भुक्तानी गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न भुक्तानी योग्य रकमहरू सम्भव भएसम्म २०८३ असार २० गतेभित्रै भुक्तानी गर्नु/ गराउनुहुन।
२. भुक्तानी निकासा बन्द हुने अन्तिम दिनमा धेरै कारोबार हुँदा IPFMS प्रणालीमा समस्या आउन सक्ने र भुक्तानी दिने कार्यमा संलग्न कर्मचारीलाई कार्यभार अधिक पर्दा कार्यसम्पादनमा कठिनाइ हुन सक्ने भएकोले भुक्तानी दिनुपर्ने रकम यथासम्भव छिटो भुक्तानी गर्नु/ गराउनुहुन।
३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३ बमोजिम आ-आफ्नो कार्यालयको जेष्ठ महिनासम्मको विनियोजन, राजस्व, धरौटी तथा विविध (कार्य सञ्चालन कोष) तर्फका फाँटवारीहरू, फस्यौंट हुन बाँकी पेश्कीको विवरण TSA प्रणालीबाट प्राप्त अभिलेखसँग असार ७ गतेभित्र भिडान गर्नु/ गराउनुहुन।

041-590349
590357
590359
pralenika2@gmail.com

प.सं.: २०८२/०८३
च.नं.:

मिति: २०८३/०३/०३

४. सम्पत्ति तथा जिन्सी मालसामानको लेखांकन कार्य PAMS V2 प्रणालीबाटै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९७, ९८, ९९, १०२ र १०३ बमोजिमको क्रमशः जिन्सी निरीक्षण प्रतिवेदन, जिन्सी मौज्दातको वार्षिक विवरण, सार्वजनिक सम्पत्तिको विवरण तथा प्रतिवेदन, लिलाम, बिक्री, मिनाहा वा धुल्याएको प्रतिवेदनहरू तयार गर्नु/ गराउनुहुन।

५. ठेक्का बिल भुक्तानी गर्दा कट्टा गरिएको कर कट्टी (TDS), धरौटी, निर्माण व्यवसायी कोष तथा मूल्य अभिवृद्धि कर (VAT) का चेकहरू समयमै दाखिला गर्नु/ गराउनुहुन।

६. EFT कारोबार असफल भएपश्चात् Refund गरी के कति कारणले Reject भएको हो पत्ता लगाई पुनः भुक्तानीका लागि पेस गर्नु/ गराउनुहुन।

७. चेक भुक्तानीका चेकहरू साट्ने म्यादभित्र राजस्व, धरौटी तथा अन्य चेकहरू साट्नेतर्फ विशेष ध्यान दिने व्यवस्था मिलाउनु/ गराउनुहुन।

८. पेस्की फिर्ता गर्दा बैंकमा दाखिला गरेको बैंक भौचर नम्बरसहित समायोजन भुक्तानी आदेश पठाउने व्यवस्था गर्नु/ गराउनुहुन।

९. आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुनबाट रोक्ने उद्देश्यले पेस्की दिने वा अन्य खातामा रकम राख्न नपाइने व्यवस्थाको पूर्ण रूपमा पालना गर्नु/ गराउनुहुन।

१०. कार्यालय प्रमुख/ प्रशासकीय प्रमुखले प्रत्येक महिना राजस्व असुल हुन छुट भए/ नभएको, राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए/ नभएको तथा लगती एवं असुली राजस्वको लेखा रहे/ नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्नु/ गराउनुहुन।

११. RMIS प्रणाली अनुसार राजस्व बैंक दाखिलाको राजस्व आम्दानी बाँधी फाँटवारी अद्यावधिक गर्नु/ गराउनुहुन।

१२. विनियोजित बजेटभन्दा बढी र मधेश प्रदेश अर्थ मन्त्रालयको परिपत्रबमोजिम रोक्का गरिएको रकम समेत माग गर्ने गरेको कारण भुक्तानी आदेश अस्वीकृत हुन गएको हुँदा, स्वीकृत बजेटको सीमाभित्र तथा परिपत्रबमोजिम दायित्व सिर्जना भइसकेका पुस्टयाई कागजात समेत पेश गरी माग गर्नु/ गराउनुहुन।

प्रदेश लेखा नियन्त्रक

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

041-590349
590357
590359
pralenika2@gmail.com

प.सं.: २०८२/०८३
च.नं.:

मिति: २०८३/०३/०३

१३. कार्यालयबाट जारी भएका चेक तथा EFT हरू आर्थिक वर्षभित्र फरफारक गरिसक्नुपर्नेछ। यदि चेक नसाटिएमा वा EFT गरिएको रकम खातामा जम्मा नभएमा कार्यालयको खर्च घटाई सम्बन्धित कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय/ प्रदेश लेखा एकाइ कार्यालय दुवैतर्फको हिसाब भिडान गर्नु/ गराउनुहुन।

१४. भुक्तानी पाउने व्यक्ति/ संस्थाको नाम, निजको खाता रहेको बैंकको नाम वा खाता नम्बर फरक परेको लगायत अन्य कारणले EFT मार्फत भएको भुक्तानी निकासा सम्बन्धित पक्षको बैंक खातामा जम्मा नभई आर्थिक वर्ष समाप्त भएमा, भुक्तानी निकासा माग गर्ने कार्यालय स्वयं जिम्मेवार हुने व्यहोरा अनुरोध छ।

१५. तोकिएका खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको (अपुग भएको) खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम (१५) बमोजिमको खर्च शिर्षकहरु) भएमा सम्बन्धित कार्यालयले संलग्न बिल-भरपाइ बमोजिमको रकम आगामी आर्थिक वर्षमा भुक्तानी दिन 'भुक्तानी बाँकीको विवरण' तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र पेस गर्नु/ गराउनुहुन।

१६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३ को नियम उपनियम (३) बमोजिम जिम्मेवार व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कार्यालयको विनियोजन, राजस्व, धरौटी, पेस्की बाँकी विवरण तथा अन्य कोषको वार्षिक वित्तिय विवरण र सम्पत्ति एवं दायित्वको विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा एकाइ कार्यालयको अभिलेखसँग रुजु गर्नु/ गराउनुहुन।

१७. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७६ बमोजिम आर्थिक वर्षभित्र भएको बजेट प्राप्ति र भुक्तानी, सम्पत्ति तथा दायित्व, पेश्की, प्रतिबद्धता, बजेट प्रणाली बाहिरको आय व्यय, अन्य कोषहरु, बेरुजु, भुक्तानी दिन बाँकी रकम समेतका विवरण समावेश भएको वार्षिक वित्तीय विवरण आर्थिक वर्षभित्र भएको २१ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा एकाइ कार्यालयमा पेस गर्नु/ गराउनुहुन।

प्रदेश लेखा नियन्त्रक

041-590349
590357
590359
pralenika2@gmail.com

प.सं.: २०८२/०८३
च.नं.:

मिति: २०८३/०३/०३

१८. नेपाल सरकारबाट प्राप्त ससर्त, समपूरक तथा विशेष अनुदानको बचत रकम यसै आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने कानुनी व्यवस्था भएकाले, संघीय सरकारबाट प्राप्त अनुदानमा भएको खर्चमा पछि कुनै फरक नपर्ने गरी चेक साट्न बाँकी भए २०८३ साल असार २९ गतेभित्रै चेक साट्ने व्यवस्था गर्नुहुन। चेक नसाटिने भए खर्च घटाउने, पेस्की फिर्ता गर्नुपर्ने भए यथाशीघ्र खर्च घटाउने तथा हिसाब समायोजन गर्नुपर्ने भए समायोजन गरी खर्च यकिन गर्ने व्यवस्था गर्नु/ गराउनुहुन।

१९. चालु आर्थिक वर्ष समाप्त भएलगत्तै विनियोजन, राजस्व, धरौटी तथा विविधतर्फ सबै कारोबारका स्रेस्ताहरू दुरुस्त र अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालय/ प्रदेश लेखा एकाइ कार्यालयबाट तोकिएका कर्मचारीहरूमार्फत आन्तरिक लेखापरीक्षण गराउनुहुन ।

मनोज कुमार झा
प्रदेश लेखा नियन्त्रक

बोधार्थ:
श्री अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।